औं बैठक

आज मिति २०७९ साल पौष **२९** गते शुक्रबारको दिन बिहानको ११:०० बजेको समयमा यस भोक्राहा नरसिंह गाउँपालिकाको अध्यक्ष श्री अजमल अख्तर आजाद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्तावहरु माथि छलफल गरी सर्व सहमतीबाट निर्णय गरियो ।

उपस्थिति :

| सि.नं. | कार्यपालिकाको पदाधिकारीहरु | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री अजमल अख्तर आजाद | अध्यक्ष | | |
| २ | श्री सुनिता कुमारी उराँव | उपाध्यक्ष | | |
| ३ | श्री लक्ष्मण मेहता | वडा अध्यक्ष, १ नं. वडा | | |
| ४ | श्री आलम अन्सारी | वडा अध्यक्ष, २ नं. वडा | | |
| ५ | श्री धिरेन्द्र कुमार यादव | वडा अध्यक्ष, ३ नं. वडा | | |
| ६ | श्री हारुन अन्सारी | वडा अध्यक्ष, ४ नं. वडा | | |
| ७ | श्री हविव मन्सुरी | वडा अध्यक्ष, ५ नं. वडा | | |
| ८ | श्री सराजुदिन अन्सारी | वडा अध्यक्ष, ६ नं. वडा | | |
| ९ | श्री वौवालाल यादव | वडा अध्यक्ष, ७ नं. वडा | | |
| १० | श्री उस्मान मिया | वडा अध्यक्ष, ८ नं. वडा | | |
| ११ | श्री धर्मनाथ भगत | कार्यपालिका सदस्य | | |
| १२ | श्री रामेश्वर खत्वे | कार्यपालिका सदस्य | | |
| १३ | श्री राधा कुमारी उराँव | कार्यपालिका सदस्य | | |
| १४ | श्री बिमला देवी मोची | कार्यपालिका सदस्य | | |
| १५ | श्री जरिना प्रविन | कार्यपालिका सदस्य | | |
| १६ | श्री कमला परियार | कार्यपालिका सदस्य | | |
| १७ | श्री सुवर्ण घिमिरे | प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव | | |

क्रमश..........

<u>मिति २०७९ पौष ३० गतेको तेह्रौ गाउँसभाका अनुमोदनका लागि पेश गरिएका निर्णयहरु</u>

नि.नं.१

भोक्राहा नरसिंह गाउँपालिकाको तेह्रौ गाउँसभा २०७९ पौष ३० मा यस कार्यपालिकाबाट पेश भएको अनुसुचि १ बमोजिमका गाउँपालिका र वडास्तरका सशोधित योजना बजेट तथा कार्यक्रम अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

नि.नं.२

भोक्राहा नरसिंह गाउँपालिकाको मिति २०७९।०९।२० र २८ को कार्यपालिका वैठक अनुसार उल्लेख गरिएको मिति २०७९।१।१२ मा आशिर्वाद निर्माण सेवालाई २५ प्रतिशतसम्म भेरिएसन गरिने प्रतिवद्धता बमोजिम प्राविधिकबाट भेरिएसन आईटम अनुसार हुन आउने रकम कर बाहेक रु ९६,६२,५७९।( छयानब्बे लाख बासठ्ठि हजार पाँच सय उनासी मात्र ) कार्यालयको समानीकरण पुजीगत बजेट शिर्षकमा रहेको विभिन्न शिर्षक बजेटबाट कट्टा गरी रकम निकासा गरिएकोमा सो रकम गाउँ सभा मार्फत अनुमोदन गर्ने सिफारीस गर्ने सर्व सहमतिबाट निर्णय गरियो ।

नि.नं.३

यस भोक्राहा नरसिंह गाउँपालिकाको आ व २०७८।०७९ को स्थानीय स्वमुल्याकन LISA नतिजा सार्वजनीकरणको सन्दर्भमा स्थानीय स्वमुल्याङ्कनका विविध सुचकहरुमा सुधार गर्न आवश्यक बजेट तथा कार्यक्रम थप गर्दै लैजाने निर्णय गरियो ।

नि.नं.४

भोक्राहा नरसिंह गाउँपालिकामा कार्यरत स्थायी र करार कर्मचारीहरुलाई तोकिएको कार्यविवरण बमोजिम कार्यसम्पादन करार गरी ८० प्रतिशत भन्दा माथि नतिजा प्रास गर्ने कर्मचारीहरुलाई सुचकको आधारमा प्रचलित तलवमानको पचास प्रतिशत देखि एक सय प्रतिशत सम्म बार्षिक एकमुष्ट एक पटकलाई प्रोत्साहन सुविधा उपलव्ध गराउने र तोकिएको कार्यसम्पादनमा ८० प्रतिशत भन्दा कम अंक प्रास गर्ने स्थायी कर्मचारीलाई निजले पाउने स्थानीय सेवा सुविधा क्रमस कटौती गर्दै लैजाने तथा प्रचिलत कानून अनुसार कार्वाही प्रकृया अघि बढाउने र करार, ज्यालादारीमा कार्यरत कर्मचारीहरुको हकमा सेवा सुविधा कटौती र करार रद्द गर्नेसम्मको प्रकृया अघि बढाउन कार्यलय प्रमुखलाई निर्देशन गर्ने ।साथै कार्यलय प्रमुखको कार्यसम्पादन करार गाउँपालिका अध्यक्षले कार्यपालिका रोहबरमा गर्ने र अन्य कर्मचारीहरुको कार्यसम्पादन करार कार्यालय प्रमुखले गरी कार्यपालिका लाई जानकारी गराउने गरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

नि.नं. ५

भोक्राहा नरसिह गाउँपालिकाबाट पारित शिक्षा एन, <u>*२०७८ को दफा ३० को देहायका अवस्थामा शिक्षा समितिके सिफारीसमा गाउँ कार्यपालिकाले समिति विघटन गर्न सक्नेछ*</u> भन्ने बाक्याँशको सट्टा <u>देहायको अवस्थामा गाउँपालिका अध्यक्षको सिफारीसमा गाउँ कार्यपालिकाले समिति विघटन गर्न सक्नेछ</u> भन्ने बाक्याँश राखि संशोधन गर्ने र <u>*दफा ३४ को १ को बाक्याँश सामुदायिक विद्यालयमा गाउँपालिकाको श्रोतबाट तलव भत्ता उपलब्ध गराउने गरी यस एनको दफा ९५ बमोजिम सृजना भएको दरबन्दी वा यस एन लागु हुँदाका बखत गाउँपालिकाको श्रोतबाट तलब भत्ता उपलब्ध भएका शिक्षक तथा कर्मचारी कायम रहेको दरबन्दीमा*</u>